## बैठक संख्या - ३६

आज मिति २०८१/०४/२५ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| | |
|---|---|
| १. श्री राजु थापा | - अध्यक्ष |
| २. श्री तेज बहादुर थापा | - उपाध्यक्ष |
| ३. श्री खड्क बहादुर थापा | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री विद्यापति शर्मा | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री कुल बहादुर वि.क. | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री लक्ष्मण पुन | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री श्यामनाथ कँडेल | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री बृहस्पति शर्मा | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री प्रेम बहादुर जि.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री प्रेमानन्द कँडेल | - कार्यपालिका सदस्य |
| ११. श्री टिका संगम वि.क. | - कार्यपालिका सदस्य |
| १२. श्री भूमा देवी पुन | - कार्यपालिका सदस्य |
| १३. श्री सुनतली वि.क. | - कार्यपालिका सदस्य |
| १४. श्री पूर्णमाया सुनार | - कार्यपालिका सदस्य |
| १५. श्री देवी थापा मगर | - कार्यपालिका सदस्य |
| १६. श्री गिता देवी वि.क. | - सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |
| १७. श्री खगराज गौतम | |

अन्य उपस्थिति

| | |
|---|---|
| १. माधव शर्मा | - लेखा |
| २. मनोज कार्की | - प्रशासन अधिकृत |
| ३. रञ्जना कुमारी थापा | - स्वकीय सचिव अध्यक्षज्यू |

निर्णयहरु :-

**१. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखराको मिति २०८१/०४/१३ गतेको प्रकाशित सूचना अनुसार चालु आ.व. २०८१/०८२ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि यस पालिकावाट **"कृषि तथा पशु उद्यमशिलता विकास परियोजना"** प्रस्ताव कार्यपालिका वैठकवाट स्वीकृत गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरामा पेश गर्ने र सो प्रस्ताव स्वीकृत भएको खण्डमा साझेदारी वापतको बजेट काठेखोला गाउँपलिका गाउँ कार्यपालिकाको कार्यालयवाट ब्यबस्थापन गर्ने निर्णय गरियो ।

**२. कार्यबिधि तथा मार्गदर्शन पारित गर्ने सम्बन्धमा ।**

आजको बैठकमा पेश हुन आएका तपसिल बमोजिमका कार्यबिधि तथा मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो ।

क) काठेखोला गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८१

ख) नगर प्रहरी सञ्चालन तथा व्यबस्थापन कार्यविधि, २०८१

ग) काठेखोला गाउँपालिकाको लागि खानेपानी, सरसफाई तथा स्वच्छता सूचना ब्यबस्थापन प्रणाली (WASH) मार्गदर्शन, २०८१

**३. प्रविधिक शिक्षालयमा विद्यार्थी भर्ना सम्बन्धमा ।**

धवलागिरी प्राविधिक शिक्षालय, लेते, मुस्ताङमा शैक्षिक सत्र २०८१/०८२ का लागि नयाँ प्रशिक्षार्थी भर्नाको लागि सूचना प्रकाशन भए बमोजिम यस गाउँपालिको निशुल्क छात्रवृत्तिमा अध्ययनका लागि प्रि - डिप्लोमा ईन कृषि (वाली विज्ञान) र प्रि – डिप्लोमा ईन पशु स्वास्थ्य/पशु उत्पादन कार्यक्रमा प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरुलाई धवलागिरी प्राविधिक शिक्षालय, लेते, मुस्ताङमा अध्ययनका लागि भर्ना लगाएतका आबश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**४. प्रभु वैंक लिमिटेड बागलुङसँग वैंक खाता सञ्चालन गर्ने सम्बन्धमा ।**

काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले हालसम्म नेपाल वैंक लिमिटेड बागलुङ शाखा मार्फत वैंक खाता सञ्चालन गर्दै आएकोमा प्रभु वैक लिमिटेड बागलुङको यस गाउँपालिका वडा नं. २ अक्षेतेमा शाखा समेत रहेको जसको कारण आर्थिक कारोवार सञ्चालन गर्न सहज हुने भएकोले चालु आ.व. २०८१/०८२ देखी सम्पूर्ण आर्थिक कारोवार प्रभु बैंक लिमिटेड बागलुङ मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

CamScanner

५. **भिमसेन मा.वि. मा कार्यालय सार्ने सम्बन्धमा।**

भिमसेन मा.वि. को ८ कोठे भवन खाली रहेको हुँदा हाल भाडावाट सञ्चालन हुँदै आएको काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई उक्त खाली रहेको भिमसेन मा.वि. को ८ कोठे भवनमा आबश्यक ब्यबस्था मिलाई सार्ने निर्णय गरियो।

६. **शिक्षा समितिको वैठक अनुमोदन सम्बन्धमा।**

काठेखोला गाउँपालिकाभित्रका विद्यालयहरुको अनुगमन गरि काठेखोला शिक्षा समितिले मिति २०८१/०४/०८ गते गरेको निर्णयलाई कार्यपालिकाको वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो।

७. **विपद राहत तथा आर्थिक सहयोग सम्बन्धमा।**

वर्षातको कारण काठेखोला गाउँपालिका भित्र बिभिन्न व्यक्तिहरुको घरगोठ लगाएत विभिन्न स्थानहरुमा क्षति भई राहत तथा आर्थिक सहायताका लागि निवेदन प्राप्त भएकोले उल्लिखित व्यक्तिहरुलाई कार्यविधिको अधिनमा रही राहत तथा आर्थ/क सहायता उपलब्ध गर्ने निर्णय गरियो।

८. **काठेखोला जलचर संरक्षण सम्बन्धमा।**

काठेखोला गाउँपालिकाभित्र रहेका खोलाहरुको संरक्षण गर्न तथा अब्यबसस्थित रुपमा खोलाहरुमा प्रवेश गरि करेन्ट जाल लागाएतका कार्यहरुलाई निरुत्साहित गर्न काठेखोला जलचर संरक्षणको प्रकृयालाई अगाडी बढाउने निर्णय गरियो।